# सिटिजन्स बैंकद्वारा म्यान सिटिजन्स अस्पाइरिंग म्यानेजर अवार्ड पुरस्कार वितरण

**टुडे समाचारदाता**

काठमाण्डु । यस वर्षको म्यान सिटिजन्स अस्पाइरिंग म्यानेजर अवार्ड गौरव उप्रेतीलाई प्रदान गरिएको छ । पुरस्कार नेपाल व्यवस्थापन संघ (म्यान)को राष्ट्रिय व्यवस्थापन सम्मेलनमा शनिबार घोषणा गरिएको हो । उक्त पुरस्कार प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतबाट प्रदान गरियो । यस पुरस्कारको चयन प्रक्रियामा सिटिजन्स बैंक, पूर्वाञ्चल विश्वविद्यालय र नेपाल व्यवस्थापन संघ(म्यान)ंका पदाधिकारीहरुको एक समितिले गरेको हो । पुरस्कृत म्यान सिटिजन्स अस्पाइरिंग म्यानेजर अवार्ड ले नेपालको म्यानेजमेन्ट शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउनेछ र यसले भविष्यका म्यानेजमेन्ट पेशेवरहरूलाई प्रोत्साहितगर्ने विश्वास बैंकले लिएको छ ।





सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नेपाल व्यवस्थापन संघ (म्यान)बीच गत वर्ष एम.बि.ए. तहमा उत्कृष्टता हासिलगर्ने विद्यार्थीलाई सम्मान तथा प्रोत्साहनगर्ने उद्देश्यले म्यान सिटिजन्स अस्पाइरिंग म्यानेजर अवार्ड स्थापना गर्न समझदारीपत्रमा हस्ताक्षर गरिएको थियो । यस सम्झौताअनुसार,प्रत्येकवर्षपूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत एम.बि.ए.माउत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई ५१,००० रुपैयाँको पुरस्कार प्रदान गरिनेछ ।

"विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर २०२४ र २०२५ को उपाधि प्राप्तगर्न सफल भएको बैंकले यस अघि नै फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक "सिटिजन्स फोनपे क्रेडिट कार्ड" भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ । हालसालै बैंकले नव युवा लक्षित बचत खाताँसिटिजन्स जेन-जी सेभिङ्ग अकाउन्ट"र ँसिटिजन्स डिजी बैंक सेवा"नामक एकीकृत अनलाइन प्लेटफर्म सञ्चालनमा ल्याएको छ । फ्रिलान्सरहरूलाई लक्षित गरी विशेष ँफ्रिलान्सर सेविङ्ज अकाउन्ट"नामक नयाँ बचत खाता सुरु गरेको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सी.आर.एन् नम्बर सेवालिन सकिने सुबिधा लगायत क्रस बैंक टेलर सुविधा जसमा अन्य बैंक काग्राहकले सिटिजन्स बैंकको शाखाबाट टेलर क्यू आर स्क्यान गरी नगद प्राप्तगर्न सकिने समेत ल्याएको छ । सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएकाआफ्ना २०० वटा शाखा, १६९ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ४२ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरुबाट १९ लाख ७६ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ ।

# सुनकोशीको बङ्गिशलाघाटमा अस्थायी बेलिब्रिज सञ्चालन

खोटाङ । जिल्लाको दक्षिणी क्षेत्रकाबराहपोखरीगाउँपालिका-५ पौवासेरा र उदयपुरको चौदण्डीगढी नगरपालिका-१ चौदण्डीगढीको सिमानामा पर्ने सुनकोशी नदीको बङ्गिशलाघाटमा जडान गरिएको अस्थायी बेलिब्रिज शनिबार सञ्चालनमा ल्याइएको छ ।

गुरुकुल विल्डर्स एन्ड सप्लायर्स प्रालिले जडानको जिम्मा लिएको अस्थायी बेलिब्रिज आगामी २०८३ साल जेठ पहिलो सातासम्म सञ्चालन गर्ने सहमति गरिएको छ । कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको रु ५७ लाख लगानीमा जडान गरिएको बेलिब्रिजको लम्बाइ ५१.८१ मिटर लामो छ ।



बेलिब्रिजका लागि आवश्यक सामग्री कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयले रु एक करोड ८७ लाखमा खरिद गरेर पूर्वाधार विकास कार्यालयलाई हस्तान्तरण गरेपछि निर्माण कम्पनीलाई प्रदान गरिएको कार्यालय प्रमुख विनम दाहालले जानकारी दिनुभयो । लामो समयदेखि झोलुङ्गे पुलमार्फत आवतजावत गर्दै आएका दक्षिणी क्षेत्रका स्थानीय बासिन्दा ढिलै भए पनि बङ्गिशलाघाटमा अस्थायी बेलिब्रिज जडान भएपछि हर्षित भएका छन् ।

मोटरेबल पक्की पुलसमेत निर्माण भइरहेको बङ्गिशलाघाटमा बेलिब्रिज जडानका लागि खोटाङका बराहपोखरी र जन्तेढुङ्गा गाउँपालिका तथा उदयपुरकोचौदण्डीगढीनगरपालिकाका जनप्रतिनिधिले सङ्घीय सरकारसँग माग गरेका थिए । खोटाङ र उदयपुर जोड्नेगरी कच्ची सडक निर्माण गरेर यातायात सञ्चालन गरिँदै आएको बङ्गिशलाघाटमा अस्थायी बेलिब्रिज जडानका लागि सङ्घीय सरकारले बजेट उपलब्ध नगराएपछि प्रदेश सरकारको लगानीमा जडान गरेर सञ्चालन गरिएको बराहपोखरी गाउँपालिका प्रमुख सालिकराम बञ्जराले जानकारी दिनुभयो ।

दक्षिणी क्षेत्रमा पर्ने तीनवटा स्थानीय तहका नागरिकलाई पूर्वी तराईका विभिन्न जिल्लासँग सिधा यातायात सेवामा जोड्नका लागि सुनकोशीको धाप्लाङघाटमा निर्माणाधीन मोटरेबल पुलको कामले समेत पछिल्लो समय गति लिएको छ । ठेकेदारको लापरवाहीले लामो समयसम्म अलपत्र परेको धाप्लाङघाटको मोटरेबल पुल निर्माणको कामले केही समयअघिबाट गति लिएसँगै नागरिकमा आशा जगाएको छ ।

धाप्लाङघाट पुल निर्माण ४३ प्रतिशत सकिएको सडक विभाग पुल सेक्टर धरानका इन्जिनियर नवीन साहले जानकारी दिनुभयो । उहाँका अनुसार धाप्लाङघाटमा वेल फाउन्डेसन प्रविधिको पुल निर्माण सुरु गरिएको थियो । त्यो सम्भव नभएपछि गत वर्ष डिजाइन परिवर्तन गरेर पाइल फाउन्डेसन प्रविधिको पुल निर्माण सुरु गरिएको छ । स्ल्याब ढलानका लागि पानी सुकाउने काम भइरहेको छ । पानी चाँडै सुकाउन सके यो वर्ष थप दुईवटा स्ल्याब ढलान सकिन्छ ।

सङ्घीय सरकारको रु २१ करोड ६५ लाख लगानीमा धाप्लाङघाटमा २०० मिटर लामो मोटरेबल पक्की पुल निर्माणका लागि २०७३ साल असार ३० गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो । करिब नौ वर्षदेखि निर्माणधीन अवस्थामा रहेको धाप्लाङघाटको मोटरेबल पक्की पुल अलपत्र हुँदा दक्षिणी क्षेत्रका नागरिक निरास थिए ।

पछिल्लोपटक थपिएको म्यादअनुसार २०८४ साल जेठ १९ गतेसम्ममा धाप्लाङघाटको पुल निर्माण सम्पन्न गर्नुपर्छ । विसं २०८३ चैतभित्रमा धाप्लाङघाटबाट सवारीसाधन वारपार गराउनेगरी निर्माणको कामलाई तीव्रता दिइएको निर्माण कम्पनी रसुवा कन्स्ट्रक्सन प्रालिले जनाएको छ ।

सुनकोशीको फोक्सिङटारमा जडान गरिएको अस्थायी बेलिब्रिज यसअघि नै सञ्चालनमा ल्याइएको छ । खोटाङको खोटेहाङ गाउँपालिका-९ लिच्कीराम्चे र उदयपुरको रौतामाई गाउँपालिका-५ आँपटार जोड्ने सुनकोशीको फोक्सिङटारमा मोटरेबल पक्की पुल बाढीले बगाएपछि अस्थायी बेलिब्रिज जडान गरेर सञ्चालनमा ल्याइएको हो ।

फोक्सिङटारको अस्थायी बेलिब्रिज सञ्चालनमा आएसँगै घुर्मी-कटारी हुँदै घुमाउरो मार्ग प्रयोग गर्नुपर्ने बाध्यता हटेको खोटाङ यातायात प्रालिका महासचिव रामकुमार हिङमाङले जानकारी दिनुभयो । निर्माण कम्पनी एमएएस आर्यन कन्स्ट्रक्सन मल्टी पर्पोज प्रालि कटारी-३ उदयपुरले मूल्य अभिवृद्धि करसहित रु ९६ लाख ७७ हजार ९३७ मा ठेक्का सम्झौता गरेर बेलिब्रिज जडान गरेको हो ।

गत वर्ष असोज १२ गतेको अविरल वर्षाका कारण सुनकोशी नदीमा आएको भीषण बाढीले फोक्सिन्टारको १२० मिटर लामो मोटरेबल पक्की पुल बगाएको थियो । फोक्सिङटारको मोटरेबल पक्की पुल बाढीले बगाएपछि दिक्तेल-गाईघाट सिधा यातायात पूर्ण रूपमा विच्छेद भएको थियो ।

करिब १३ वर्ष लगाएर निर्माण भएको आर्क डिजाइनको पुल बाढीले बगाएपछि गत वर्षको पुसमा जडान गरिएको बेलिब्रिज वर्षायाम सुरु भएसँगै निकालिएको थियो । बेलिब्रिज निकालिएसँगै यातायात सेवा विच्छेद भएपछि पूर्वी तराई आवतजावत गर्ने यात्री झोलुङ्गे पुलमार्फत गन्तव्यमा पुग्ने गरेका थिए ।रासस

## स्थानीयस्तरका महोत्सवले पर्यटन प्रवर्द्धनमा टेवा

भोजपुर । स्थानीयस्तरमा सञ्चालन हुने खेलकुद प्रतियोगिता तथा मेला, महोत्सवले पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउँदै आएका छन् । खेल तथा मेलाका अवसरमा स्थानीय पालिकासहित छिमेकी जिल्ला तथा देशका विभिन्न स्थानबाट आउने खेलाडी र खेलप्रेमीको उपस्थितिले यहाँको पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव परेको स्थानीयवासीले बताएका छन् ।खेलकुदलाई पर्यटन प्रवर्द्धनको आधार बनाउँदै जिल्लाको पौवादुङ्मा गाउँपालिकाले हालै तेस्रो पौवादुङ्मा गोल्डकप तथा माघी मेला सफलतापूर्वक सम्पन्न गरेको छ । प्रतियोगिता तथा मेलाका कारण जिल्लाभित्र र बाहिरबाट आएका आगन्तुकको उपस्थितिले स्थानीय पर्यटन र व्यवसायमा सकारात्मक प्रभाव पारेको छ ।

गोल्डकप तथा माघी मेलाका अवसरमा स्थानीय उत्पादनको प्रदर्शनी तथा बिक्रीसमेत गरिएको थियो । घरेलु कृषि उपज, हस्तकला सामग्री तथा परम्परागत खानाका स्टलहरूले दर्शकको ध्यान आकर्षित गरेका थिए । यसले स्थानीय उत्पादनको बजारीकरणमा सहयोग पुग्नुका साथै किसान र उद्यमीलाई प्रोत्साहन मिलेको गाउँपालिकाले जनाएको छ ।स्थानीयस्तरमा सञ्चालन हुने यस्ता खेलकुद प्रतियोगिता तथा सांस्कृतिक मेलाले रोजगारी सृजना, आर्थिक गतिविधि विस्तार र गाउँको पहिचान निर्माणमा योगदान पुर्‍याउँदै आएका छन् । स्थानीयवासीले यस्ता कार्यक्रमलाई अझ व्यवस्थित र दीर्घकालीन रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याएका छन् ।

शुक्रबार सम्पन्न गोल्डकप तथा माघी मेलामा सहभागी हुन गाउँपालिकाका विभिन्न



वडासहित छिमेकी जिल्ला तथा देशका अन्य स्थानबाट खेलाडी, प्रशिक्षक, दर्शक र खेलप्रेमीको बाक्लो उपस्थिति देखिएको थियो । प्रतियोगिता अवलोकनका लागि बाहिरबाट आएका आगन्तुकका कारण होटल, रेस्टुरेन्ट तथा यातायात व्यवसायसमेत चलायमान बनेको स्थानीय व्यवसायी दिनेश अधिकारीले बताउनुभयो ।

"यस्ता प्रतियोगिता हुँदा बाहिरबाट धेरै मानिस आउँछन्", उहाँले भन्नुभयो, "यसले खेलकुदसँगै गाउँको चिनारी बढाएको छ । रासस

# प्रदेश अस्पताल दमौलीलाई स्तरोन्नति गर्न जग्गा प्राप्ति




दमौली (तनहुँ), २५ माघ : जिल्ला सदरमुकाम दमौलीस्थित प्रदेश अस्पतालले स्तरोन्नतिका लागि जग्गा प्राप्ति गरेको छ । नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको गत कात्तिक २६ मा भएको निर्णयअनुसार जिल्ला समन्वय समिति, कृषि विकास कार्यालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको सात रोपनी जग्गा अस्पताललाई उपयोग गर्न दिइएको हो ।

मालपोत कार्यालयले माघ १९ गते प्रदेश अस्पताल दमौलीलाई जग्गा उपयोगको प्रमाणपत्र उपलब्ध गराएको मालपोत प्रमुख राजेन्द्रप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्ला समन्वय समितिको नाममा रहेको पाँच रोपनी, कृषि विकास कार्यालयको नाममा रहेको दुई रोपनी र भेटेरीनरी अस्पतालको नाममा रहेको एक रोपनी जग्गा अस्पताललाई उपलब्ध गराइएको हो ।

जग्गा उपयोग गर्न दिइएपछि केही शर्तहरु राखिएको छ । पौडेलका अनुसार उपयोग गर्न दिइएको जग्गा अतिक्रमण हुन नपाउनेगरी उचित संरक्षण र संवर्द्धन गर्नुपर्ने छ । त्यस्तै उपयोग गर्न दिइएको जग्गा नाफामूलक तथा व्यापारिक कार्यमा प्रयोग गर्न वा कुनै व्यक्ति वा निकायलाई प्रयोग गर्न दिन वा भाडामा दिन नपाइने पौडेलले बताउनुभयो । जुन प्रयोजनका लागि माग गरिएको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नुपर्ने, उद्देश्यअनुरुपको कार्यमा प्रयोग नगरेमा पूर्वाधारसहितका जग्गा नेपाल सरकारले लिनसक्ने उहाँले बताउनुभयो ।

जग्गा प्राप्ति नहुँदा स्तरोन्नति रोकिएको अस्पतालको अब स्तरोन्नति हुने निश्चित भएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कमलामोहन वाग्लेले बताउनुभयो । गण्डकी प्रदेश सरकारले अस्पताललाई ५० शय्यामा स्तरोन्नति गर्ने निर्णय गरिसकेको छ । उक्त निर्णयसँगै अस्पतालमा आठ जना विशेषज्ञ चिकित्सकको दरबन्दी स्वीकृत भएको छ । विसं २०३४ मा स्वास्थ्यचौकीका रूपमा स्थापना र २०५५ सालमा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको यस अस्पताल २०५९ सालमा अस्पतालका रूपमा स्तरोन्नति भएको थियो ।

अस्पतालमा फोहरपानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्ससहितको भवन निर्माण, आँखा विशेषज्ञसहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, यनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसीयू कक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्सरे, निःशुल्क औषधि कक्षलगायतका सेवा विस्तार भइसकेको छ । साथै शव राख्नका लागि दुई तह भएका दुईवटा मर्चरी चेम्बरको पनि अस्पतालमा व्यवस्था गरिएको छ । अस्पतालले इमर्जेन्सी सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलाइसिस सेवासमेत प्रदान गर्दै आइरहेको अस्पतालले जनाएको छ ।

अस्पतालले आर्थिक वर्ष २०८१/८२ मा एक लाख सात हजार ९८३ जना, आव २०८०/८१ मा ९८ हजार ३५६ सेवा लिएका थिए । यस्तै आव २०७९/८० मा ७३ हजार २५३ र आव २०७८/७९ मा ६४ हजार ५९४ जनालाई सेवा दिएको थियो ।

**जिपी अस्पतालमा विशेषज्ञ चिकित्सक थप**

शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा नौ जना विशेषज्ञ चिकित्सक थप भएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अस्पतालमा नौ जना विशेषज्ञ चिकित्सक थप गरेको हो ।

केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठका अनुसार केन्द्रमा छात्रवृत्तिका चिकित्सक थप भएसँगै सेवा प्रवाहमा सहजता छ । अरु आवश्यक स्वास्थ्यकर्मी तथा कर्मचारीहरू थप गरी केन्द्रबाट प्रदान हुने सेवा विस्तार गरिनेछ । अस्पतालमा मिर्गौला बिरामीका लागि दुई सिफ्टमा डायलाइसिस विस्तार गरिएको छ । आकस्मिक, शल्यक्रिया, स्त्रीरोग, नाक, कान, घाँटीसम्बन्धी शल्यक्रिया सुरु गर्ने लक्ष्य लिइएको छ ।

कार्यकारी निर्देशक श्रेष्ठले भन्नुभयो, "इन्कोस्कोपी सेवा सुरु भइसकेको छ भने ब्रोन्कोस्पोपी सेवा सञ्चालन गर्न लागेका छौँ । केन्द्रको मुख्य भवनमा लिफ्ट जडानका लागि बजेट प्राप्त भएको छ । लिफ्ट जडानका लागि आवश्यक प्रक्रिया अगाडि बढाइसकिएको छ ।" अस्पताललाई ३०० शय्यामा विस्तारका लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरिएको छ । दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रूपमा स्थापना गर्न सरकारले २०६७ सालमा पूर्वप्रधानमन्त्री स्वर्गीय गिरिजाप्रसाद कोइरालाका नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो ।

सोही ठाउँमा रहेको सेतीगङ्गा सामुदायिक अस्पतालको स्वामित्व २०७५ सालमा जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई हस्तान्तरण गरिएको थियो । हाल उपचार केन्द्रका नाममा ७४० रोपनी जग्गा प्राप्ति भइसकेको छ । अस्पतालमा सवारी दुर्घटनाका घाइतेको अलावा झाडापखला, टाइफाइड, ज्वरो, ग्याष्ट्रिक, पेटसम्बन्धी र हाडजोर्नीका बिरामी नियमित आउने गरेका छन् । उपचार केन्द्रले पछिल्लो समययता विभिन्न स्वास्थ्य सुविधा थप गर्दै गएको छ । जनतालाई सहज रूपमा सबै प्रकारका स्वास्थ्य सेवा दिने उद्देश्यसहित सुविधा विस्तार गरिएको डा श्रेष्ठले बताउनुभयो ।रासस

# म्याग्दीको घतानमा लक्ष्यअघि नै सडक स्तरोन्नति

म्याग्दी । जिल्लाको मध्यभागमा पर्ने बेनी नगरपालिका र रघुगङ्गा गाउँपालिकाका बस्तीहरूलाई सदरमुकाम बेनीसँग जोड्ने बेनी- पाखापानी सडकको भुतादैला-तोरीपानी खण्ड स्तरोन्नतिका लागि सञ्चालित योजना लक्ष्यअघि नै सम्पन्न भएको छ ।

म्याग्दीको रणनीतिक महत्वको यस सडकको स्तरोन्नति भएको क्षेत्र बेनी नगरपालिका-९ साविक घतान गाविसको भूगोलमा पर्छ । पूर्वाधार विकास कार्यालयमार्फत सञ्चालित बेनी-पाखापानी सडक योजनाअन्तर्गत बेनी नगरपालिका-९ भुतादैलादेखि नेप्टेचौर हुँदै तोरीपानी खण्ड स्तरोन्नतिको काम लक्ष्यभन्दा पाँच महिनाअघि नै सम्पन्न भएको हो ।



यो सडक योजना निर्माणका लागि २०८१ साल जेठ २० मा पूर्वाधार विकास कार्यालय र मङ्गलादेवी सुवास कन्स्ट्रक्सन प्रालि नुवाकोटले रु ११ करोड ७६ लाख १२ हजार ५४१ मा ठेक्का सम्झौता गरेको थियो । आगामी २०८३ जेठ २० गतेसम्मको म्याद रहेको योजना निर्माणकार्य माघको तेस्रो साता सकिएको निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "कालोपत्र भएको सडकमा रङरोगन र सङ्केतचिह्न तथा साइडबार लगाउने काम पनि सकिएको छ, बजेट अभावको असहज अवस्थाका बाबजुद पनि पर्याप्त मजदुर, उपकरण परिचालन र निर्माण सामग्री व्यवस्थापन गरेर लक्ष्यअघि नै योजना सम्पन्न गरिएको हो ।"निर्माण व्यवसायी कार्कीले काम सम्पन्न गरे पनि सरकारले विनियोजन गरेको बजेट सकिएकाले पूरै बिलको भुक्तानी नपाएको गुनासो गर्नुभयो । कार्यालयका अनुसार यो योजनाका लागि रु एक करोड ५० लाख बजेट अपुग भएको छ ।

**चार किलोमिटर दूरीमा स्तरोन्नति**

भुतादैलादेखि नेप्टेचौरस्थित वडा कार्यालयसम्म एक किलोमिटर ९०० मिटर दूरीमा प्रिमिक्स प्रविधिको कालोपत्र भएको छ । नेप्टेचौरदेखि तोरीपानीस्थित गलेश्वर मावि परिसरको थप दुई किलोमिटर दूरीमा सडक फराकिलो, ग्रेड, घुम्ती सुधार र अप्ठ्यारो ठाउँमा ढलान भएको पूर्वाधार विकास कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर डा महेन्द्र बानियाँले बताउनुभयो । पाँच सय ५० मिटर दूरीमा ढलान र दुई किलोमिटर ५०० मिटर दूरीमा ग्राभेल भएको छ । यसअघि ३.५ मिटर चौडा सडकलाई कम्तीमा सात मिटर फराकिलो बनाइएको छ ।

म्याग्दी १(१) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले निर्माण व्यवसायीको इच्छाशक्ति, सम्बद्ध कार्यालयको समन्वय, जनप्रतिनिधि तहबाट सहजीकरण र समुदायस्तरमा साथ पाउने हो भने विकास आयोजनामा हुने ढिलासुस्ती हटाउन सकिने सन्देश बेनी-पाखापानी योजनामा लक्ष्यअघि नै भएको कामले दिएको बताउनुभयो । "धेरै आयोजना समयमै सम्पन्न नहुँदा अलपत्र पर्ने, लागत बढ्ने र जनताले लाभ लिन नसकेको अवस्थामा लक्ष्यअघि नै योजना सम्पन्न हुनु हाम्रा लागि सकारात्मक विषय हो", उहाँले भन्नुभयो, "जिल्लामा भित्रिएका योजनालाई निर्धारित समयमा गुणस्तरीय रूपमा सम्पन्न हुने वातावरण बनाएका छौँ ।"

बेनी नगरपालिकाको ९, १०, रघुगङ्गा गाउँपालिकाको ५, ६ र ८ नं वडालाई बेनीबजारसँग जोड्ने बेनी-पाखापानी सडकलाई म्याग्दीको प्राथमिकताप्राप्त आयोजना घोषणा गरिएको छ । विसं २०५६ मा तत्कालीन जिल्ला विकास समितिले मार्ग खोलेको यो सडक २७ वर्षपछि स्तरोन्नति हुँदा स्थानीयवासीमा खुसीयाली छाएको बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीले बताउनुभयो । निर्माणकार्यको नागरिक तहबाट निगरानी र स्थानीय समस्यालाई समाधानका लागि सहजीकरण गर्न सरोकार समिति बनाइएको उहाँले बताउनुभयो । सङ्घीयता कार्यान्वयन हुनुअघि तत्कालीन जिल्ला विकास समितिअन्तर्गतको 'ड्रिलीप' परियोजनामार्फत सञ्चालित योजनाले पूर्णता पाउन सकेको थिएन ।

**यात्राअवधि छोटियो**

यात्राअवधि छोटिएको, झन्झट र कष्टपूर्ण यात्रा गर्नुपर्ने बाध्यता हटेको नेप्टेचौरका बासिन्दा क्षेत्रबहादुर चोखालले बताउनुभयो । सफा सडकमा सहज रूपमा यात्रा गर्न पाउँदा खुसी लागेको उहाँले अनुभव सुनाउनुभयो ।रासस


## KARAIYAMAI RURAL MUNICIPALITY
### Office Of The Rural Municipal Executive
### Karaiya, Bara
### Invitation for Bids No: 06

**Date of publication: 2082/10/26**

1. KARAIYAMAI RURAL MUNICIPALITY, KARAIYA, BARA invites electronic National Competitive Bidding (NCB)from eligible bidders for the procurements mentioned below.
2. Eligible Bidders may obtain further information about the bidding documents at the office of the Karaiyamai Rural Municipality Karaiya, Bara, www.karaiyamaimun.gov.np, 9865017375 or may visit PPMO Website www.bolpatra.gov.np

| Contract Identification No. | Description | Estimated Amount Without VAT & PS | BID Security (Nrs.) | Bidding Document fee (Nrs.) | Deadline Of Bid Submmission |
|---|---|---|---|---|---|
| KRM/NCB/W/06/2082/083 | Construction Of Blacktopped Road & RCC Drain from Karaiya to Madhuban | | 8,65,000 | 5,000.00 | 2082/11/27 |

3. The employers reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to bidders.

**Chief Administrative Officer**